**मिति २०७९/०७/०३ को कार्यालय प्रमुख बैठकका निर्णयहरू:**

१. मिति २०७९/०६/०४ गते बसेको कार्यालय प्रमुखको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको समिक्षा गरियो।

२. जिल्लाभित्रका सबै सरकारी कार्यालयहरूले आफ्ना सवारी साधनहरू मर्मत संभार गरी चालु हालतमा राख्ने र सोको विवरण मिति २०७९/०७/१५ गतेभित्र यस कार्यालयमा पठाउने।

३. आगामी २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई ध्यानमा राखी सार्वजनिक यातायातलाई सहज बनाउनका लागि सडकहरूको मर्मत संभार पूर्वाधार विकास कार्यालय, सडक डिभिजन कार्यालय, सघन शहरी तथा भवन निर्माण आयोजनाले गर्ने र सो कामका लागि सम्बन्धित स्थानीय तहलाई समेत अनुरोध गर्ने।

४. निर्वाचन अवधिभर अत्यावश्यक काम बाहेक कार्यालय प्रमुख र आफ्ना कार्यालयका कर्मचारीहरूलाई काज अथवा बिदामा नछाड्ने।

५. हुलाक सेवा विभागद्वारा सञ्चालन गरिएको द्रुत डाँक सेवालाई सबै कार्यालयहरूले प्रयोग गर्ने।

६. निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेको अवस्थामा निजहरूलाई कानून बमोजिम कारवाही गर्नुपर्ने भएकोले कुनै कर्मचारी, शिक्षक, प्राध्यापकले राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश सूचना, प्रचारप्रचारका सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेमा त्यस्ता कर्मचारीलाई कार्यालय प्रमुखले, शिक्षकलाई स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले, प्राध्यापकलाई क्याम्पस प्रमुखले, सुरक्षाकर्मीलाई सुरक्षा निकायका प्रमुखले निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचार संहिता अनुगमन समितिलाई गराउने।

२०७९-७-२

प्रमुख जिल्ला अधिकारी